आ.व.२०६५/०६६ को

# वार्षिक प्रतिवेदन

नेपाल सरकार

## राष्ट्रिय सतर्कता केन्द्र

अनामनगर, काठमाडौं

C:\Users\DELL\AppData\Local\Temp\PDF24\3132090093_2267651816_46\Barsik Pratibedan_NVC 2065-66.doc

g]kfn ;/sf/

# राष्ट्रिय सतर्कता केन्द्र

२०५९

फोन नं. : ४२२७०९६, ४२२२५३१, ४२२२९५५, ४२२४९०१
फ्याक्स : ४२१६७०६, ४२६५६०१
इमेल : navic@nvc.gov.np
वेवसाइट : www.nvc.gov.np

अनामनगर, काठमाडौं ।

**विषय : <u>सातौं वर्षको वार्षिक प्रतिवेदन</u> ।**

सम्माननीय प्रधानमन्त्रीज्यू
प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
सिंहदरवार,काठमाण्डौ ।

राष्ट्रिय सतर्कता केन्द्र (कार्य संचालन) नियमावली, २०६५ को व्यवस्था अनुरुप यस केन्द्रले आ.व.२०६५।०६६ मा सम्पादन गरेका कामहरुको प्रतिवेदन सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष सादर प्रस्तुत गरेको छु ।

मितिः २०६६ भाद्र

ताना गौतम
प्रमुख अधिकृत

# हाम्रो धारणा

राष्ट्रिय सतर्कता केन्द्र स्थापनाको सातौं वर्षमा छ । समाजमा आर्थिक अनुशासन, नैतिकता र सदाचार कायम राख्ने उद्देश्यले भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम यस केन्द्रको स्थापना भएको हो ।

भ्रष्टाचार रोकथाम बहुपक्षीय र बहुआयामिक बिषय हो । भ्रष्टाचार विरुद्धका क्रियाकलापहरुबाट तत्काल प्रतिफल र परिणाम देखिदैन पनि । त्यसैले, भ्रष्टाचार विरुद्ध नागरिकको पर्याप्त सचेतना निरन्तर आवश्यक पर्दछ । हाम्रो देशमा भ्रष्टाचार विरुद्ध पर्याप्त जनमत निर्माण गर्न सकिएको छैन । सचेत नागरिक पनि यसप्रति प्रायः निरपेक्ष रहेको पाइएको छ । यस्तो अवस्थामा सरकारले नै भ्रष्टाचार विरुद्ध प्रतिरोधात्मक र प्रवर्द्धनात्मक क्रियाकलापहरु सञ्चालन गर्नुपर्ने हुन्छ जबकि भ्रष्टाचारको संभावित क्षेत्र पनि यही नै हो ।

यस केन्द्रले कानूनद्धारा निर्धारित सीमाभित्र रही भ्रष्टाचार विरुद्ध प्रतिरोधात्मक र प्रवर्द्धनात्मक कार्यहरु गर्दै आएको छ । यस्तै प्रकृतिको अधिकार संवैधानिक निकायको रुपमा रहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पनि रहेको छ । कार्यक्षेत्रमा दोहोरोपनको बाबजुद कार्यकारिणी प्रमुख मातहत रहेको यो निकायले शनैः शनैः आफ्नो उपस्थिति विस्तार गर्दैछ । तसर्थ भ्रष्टाचार नियन्त्रण जस्तो राज्यविरुद्धको जघन्य अपराधको नियन्त्रण संबैधानिक अंगको जिम्मामा मात्र छोडिनु हुन्न भन्ने धारणा प्रबल बन्दै गएको छ ।

भ्रष्टाचारका कारण र असरहरु बहुपक्षीय र बहुरुपीय भएको सन्दर्भमा यसको रोकथाम र नियन्त्रणका लागि केन्द्रले सरकारी निकायका साथै भ्रष्टाचार निवारणका क्षेत्रमा कार्यरत विभिन्न गैरसरकारी निकायहरुसंग पनि सहकार्य गर्दै आएको छ । केन्द्रले २०६५ श्रावणदेखि २०६६ आषाढ मसान्तसम्म सम्पादन गरेका मुख्य मुख्य क्रियाकलापहरु समेटी तयार पारेको प्रस्तुत प्रतिवेदन सम्बद्ध सबैलाई उपयोगी हुने आशा र विश्वास लिईएको छ ।

अन्त्यमा, यस केन्द्रको कार्यलाई अघि बढाउन सहयोग गर्ने सबै सरकारी तथा गैरसरकारी निकाय, राजनैतिक दलहरु, नागरिक समाज, विद्यार्थी, पत्रकार, वकिल लगायत प्रतिवेदन तयार गर्ने काममा संलग्न केन्द्रका सम्बद्ध कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छौ ।


ताना गौतम

प्रमुख अधिकृत

राष्ट्रिय सतर्कता केन्द्र


**भाद्र, २०६६**

## विषय सूचि


| विषय | पेज नं. |
|---|---|
| हाम्रो धारणा | |
| १. संस्थागत विकासक्रम | १ |
| २. कार्यक्षेत्र | १ |
| ३. संगठनात्मक विकास | २ |
| क) संरचना र जनशक्ति | २ |
| ख) केन्द्रको सुदृढीकरणका लागि गरिएका प्रयासहरु | ३ |
| ४. आर्थिक विवरण तथा बेरुजुको स्थिति | ६ |
| ५. केन्द्रले सम्पन्न गरेका कार्यहरु | |
| (क) उजुरी तथा गुनासो व्यवस्थापन | ६ |
| (ख) सूचना संकलन | ७ |
| (ग) अनुगमन तथा छड्के निरीक्षण | ७ |
| (घ) सम्पत्ति विवरण तथा आयको अनुगमन | ८ |
| (ङ) जनचेतना अभिवृद्धि सम्बन्धी कार्यक्रम | १० |
| (च) निगरानी सम्बन्धी कार्य | ११ |
| (छ) नागरिक बडापत्र कार्यान्वयन अनुगमन | १२ |
| (ज) अध्ययन अनुसन्धान | १३ |
| (झ) अन्य | १३ |
| ६. प्राविधिक परीक्षण | |
| (क) पृष्ठभूमि | १३ |
| (ख) परिभाषा र उद्देश्य | १४ |
| (घ) प्राविधिक परीक्षणमा हेरिने विषयहरु | १५ |
| (ङ) प्राविधिक परीक्षणको फाइदा | १५ |
| (च) हाल सम्मको उपलब्धि | १६ |
| (छ) आ.ब. २०६५।६६ मा प्राविधिक परीक्षण सम्पन्न आयोजनाहरु | १६ |
| ७. भविष्यका कार्ययोजना | १९ |
| ८. केन्द्रका समस्याहरु | २० |
| अनुसूचीहरु | |

## १. संस्थागत विकासक्रम

विक्रम सम्बतको १९ औं शताब्दीको प्रारम्भिक कालतिर एकीकृत नेपालको निर्माण हुनु अघि र पछि पनि भ्रष्टाचार नियन्त्रण सम्बन्धमा विभिन्न प्रयासहरु हुँदै आएको पाइन्छ । राजा सुरेन्द्रको पालामा बनेको मुलुकी ऐन (वि.सं. १९१०)मा हाकिमको नाउँमा कराउनेको महल अन्तर्गत *हाकिम वा कर्मचारीले घुस खायो* भन्ने विषयका उजुरीहरु दर्ता गर्ने, अपील सुन्ने, लगत भिकाउने, पजनी जाहेर गर्ने आदि सम्बन्धमा कानूनी व्यवस्था भएबाट यस कुराको पुष्टि हुन्छ ।

२००७ साल पछि भ्रष्टाचार नियन्त्रण गर्न राज्यले अवलम्बन गर्दै आएका प्रयासहरुलाई यहाँ उल्लेख गर्नु सान्दर्भिक हुन जान्छ ।

१) भ्रष्टाचार निवारण ऐन, २००९ अनुसार वि.सं. २०१० मा भ्रष्टाचार निवारण विभागको स्थापना पछि साविकमा छरिएर रहेका भ्रष्टाचार सम्बन्धी कानूनी व्यवस्थालाइ एकीकृत गर्ने प्रयास भएको देखिन्छ ।

२) २०१७ सालको परिवर्तन पछि भ्रष्टाचार निवारण ऐन, २०१७ को कार्यान्वयन गर्न *विशेष प्रहरी विभाग*को स्थापना भयो ।

३) नेपालको संविधान, २०१९ (दोश्रो संशोधन, २०३२) ले संवैधानिक अङ्गका रुपमा अख्तियार दुरुपयोग निवारण आयोगको गठन गऱ्यो ।

४) नेपाल अधिराज्यको संविधान, २०४७ ले भ्रष्टाचार सम्बन्धी अनुसन्धान र तहकिकात गर्ने कामको जिम्मेवारी अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई सुम्पियो ।

५) नेपाल अधिराज्यको संविधान, २०४७ र भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार भ्रष्टाचारको अनुसन्धान र तहकिकात गर्ने कामको जिम्मेवारी अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई सुम्पिएकोमा ऐनको दफा ३७ अन्तर्गत रही २०५९ असार ४ गते सम्म विशेष प्रहरी विभागले काम गर्ने गरेको थियो ।

६) भ्रष्टाचार निवारण ऐन, २०५९ लागु भएपछि विशेष प्रहरी विभाग खारेज भई भ्रष्टाचार सम्बन्धी निरोधात्मक तथा प्रवर्द्धनात्मक कार्यहरु गर्नका लागि सरकारले प्रधानमन्त्रीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहने गरी २०५९ साउन २७ गते राष्ट्रिय सतर्कता केन्द्रको स्थापना गऱ्यो ।

## २. कार्यक्षेत्र

भ्रष्टाचार निवारण ऐन, २०५९ र राष्ट्रिय सतर्कता केन्द्र (कार्य संचालन) नियमावली, २०६५ बमोजिम राष्ट्रिय सतर्कता केन्द्रलाई तोकिएका काम, कर्तव्य र अधिकार यस प्रकार छन्ः-

- नेपाल सरकारका मन्त्रालय/विभाग/कार्यालय वा सार्वजनिक संस्थाबाट सम्पादन हुनुपर्ने कार्यहरु नियमितरुपमा भए नभएको बिषयमा सूचना संकलन गर्ने,
- नेपाल सरकारका मन्त्रालय/विभाग/कार्यालय वा सार्वजनिक संस्थाबाट नियमित रुपमा हुनु पर्ने कार्य भएको नपाइएमा त्यस्ता निकायलाई सो विषयमा सतर्क गर्ने ।
- सार्वजनिक पद धारण गरेको व्यक्तिले प्रचलित कानून बमोजिम दिएको सम्पत्ति बिवरण र आयको अनुगमन गर्ने ।
- भ्रष्टाचार हुनसक्ने स्थान वा काममा नियमित निगरानी राख्ने, छड्के जाँच र अन्वेषण गर्ने आवश्यक ब्यवस्था मिलाउने,

- भ्रष्टाचार नियन्त्रण सम्बन्धमा अपनाउनुपर्ने  नीति, रणनीति र तत्सम्बन्धी कानूनमा कुनै सुधार गर्नुपर्ने देखिएमा नेपाल सरकारलाई आवश्यक सुझाव दिने,
- नेपाल सरकारका मन्त्रालय, विभाग, कार्यालय वा सार्वजनिक संस्थामा उजूरी पेटीका राख्ने व्यवस्था मिलाउने,
- भ्रष्टाचारको रोकथाम गर्ने उद्देश्यले आवश्यकता अनुसार सम्बन्धित निकायलाई सुझाव वा निर्देशन दिने,
- भ्रष्टाचार सम्बन्धी कसूरमा अनुसन्धान गर्ने निकाय वा पदाधिकारीबाट भ्रष्टाचार सम्बन्धी आवश्यक बिवरण वा सूचना प्राप्त गरी अद्यावधिक गराई राख्ने,
- भ्रष्टाचार सम्बन्धी प्राप्त कुनै जानकारी सम्बन्धित निकायमा लेखी पठाउने,
- भ्रष्टाचार नियन्त्रण सम्बन्धमा आइपर्ने अन्य काम गर्ने वा गराउने,
- प्रत्येक सरकारी कार्यालय, सार्वजनिक संस्था वा अन्य निकायमा कार्यरत सार्वजनिक पदधारण गरेका व्यक्तिले तोकिएको निकायमा सम्पत्ति विवरण समयमै पेश गरे/नगरेको र सम्पत्ति विवरण राख्न तोकिएको कार्यालयले सम्पत्ति विवरण राखे वा नराखेको अनुगमन गर्ने ।
- सरकारी कार्यालय वा सार्वजनिक संस्थाको काम नियमित भए नभएको निगरानी र छड्के जाँच गर्ने ।
- सरकारी कार्यालय वा सार्वजनिक संस्थाबाट निर्माण/संचालन गरिने आयोजनाको आवश्यकता अनुसार प्राविधिक परीक्षण गर्ने ।
- नेपाल सरकारले तोकेका अन्य काम गर्ने वा गराउने ।

## ३. संगठनात्मक विकास

### क) संरचना र जनशक्ति

सम्माननीय प्रधानमन्त्रीज्यूको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहेको यस केन्द्रको प्रमुखमा नेपाल सरकारले निजामती सेवाको विशिष्ट श्रेणीका अधिकृतलाइ प्रमुख अधिकृत पदमा तोक्ने व्यवस्था छ । साथै, केन्द्रको आवश्यकता अनुसार नेपाल सरकारका प्रशासनिक, प्राविधिक र राष्ट्रिय सतर्कता केन्द्र प्रहरी समूहका कर्मचारीहरु रहने व्यवस्था छ ।

नेपाल सरकारको मिति २०५९।४।२७ को निर्णयले राष्ट्रिय सतर्कता केन्द्रको स्थापना भए तापनि मिति २०५९।०८।११ देखि मात्र केन्द्रमा प्रमुख अधिकृत तोक्ने काम भएको हो ।

हालसम्म यस केन्द्रमा कार्यरत प्रमुख अधिकृतहरुको नामावली अनुसूची “क” मा समावेश गरिएको छ ।

यस केन्द्रका प्रमुख अधिकृतको प्रत्यक्ष मातहतमा २ वटा महाशाखाहरु, प्राविधिक परीक्षण महाशाखा र प्रशासन तथा अनुगमन महाशाखा र राष्ट्रिय सतर्कता केन्द्र प्रहरी समूह रहेको छ । यी महाशाखा अन्तर्गत ७ वटा विभिन्न शाखाहरु रहेका छन् ।

संगठन तालिका अनुसूची "ख" मा र दरवन्दी तथा पदपूर्ति विवरण अनुसूची "ग" मा समावेश गरिएको छ । साथै आ.ब. २०६५।०६६ को अन्त्यमा केन्द्रमा कार्यरत कर्मचारीको नामावली अनुसूची (झ) मा समावेश गरिएको छ ।

## ख) केन्द्रको सुदृढीकरणका लागि गरिएका प्रयासहरु

केन्द्रको सुढृढीकरणका लागि गरिएका प्रयासहरु देहाय बमोजिम छन् :-

क) **नियमावलीको व्यवस्था :-** केन्द्रको कामलाई प्रभावकारी/व्यवस्थित तुल्याउन राष्ट्रिय सतर्कता केन्द्र (कार्य संचालन) नियमावली, २०६५ मिति २०६५ चैत्र ४ गते देखि जारी भएको छ ।

ख) **केन्द्रको भवन व्यवस्थापन :-** सिंहदरबार परिसरभित्र केन्द्रको भवन रहेको स्थानमा स्थानीय विकास मंत्रालयको लागि भवन बनाउने कार्यक्रमले गर्दा केन्द्रलाई नयाँ भवनको आवश्यकता भयो । प्रधानमंत्रीज्यूको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहेको केन्द्रको लागि सिंहदरवार भित्रै छुट्टै भवनको व्यवस्था नहुँदा र केन्द्रलाई भवन खाली गरिदिन बारम्बार ताकेता भै आएकोले केन्द्रले अनामनगरमा घर भाडामा लिई २०६५ चैत्रको तेस्रो सातादेखि कार्यालय संचालन गर्दै आएकोछ ।

ग) **उजुरी व्यवस्थापन :** राष्ट्रिय सतर्कता केन्द्रमा विभिन्न माध्यमबाट प्राप्त हुने उजुरी एवं सूचनाका छानवीन तथा अन्वेषण गर्ने कार्यलाई प्रभावकारी एवं व्यवस्थित बनाउन केन्द्रका प्रहरी कर्मचारीहरु समेतलाई संलग्न गराई ५ वटा अनुगमन एवं अन्वेषण शाखाहरु मार्फत कार्य प्रारम्भ गरिएको छ । केन्द्रमा प्राप्त उजुरी एवं सूचनाहरुका सम्बन्धमा सम्बन्धित निकायमा पत्राचार गरी बुझ्ने वा स्थलगत रुपमा टोली पठाई प्रारम्भिक छानवीन गर्ने र त्यसबाट भ्रष्टाचारजन्य क्रियाकलापहरु तथा अनियमितता भएको पाइएमा केन्द्रलाई प्राप्त कानूनी अधिकारको अधीनमा रही कार्य फछ्र्यौट गरिदै आएको छ ।

घ) **निर्देशन कार्यान्वयन-** भ्रष्टाचार नियन्त्रण र सरकारी सेवा प्रवाहलाई प्रभावकारी, जवाफदेही र उत्तरदायी तुल्याउन तात्कालिन प्रधानमंत्रीज्यूबाट मिति २०६५।१०।१२ मा भएको संबोधनमा उल्लेखित यस केन्द्रसंग सम्बन्धित तपसिल बमोजिमका विभिन्न बिषयहरु कार्यान्वयन गर्न सरकारका सवै मंत्रालय/विभाग/सचिवालय/आयोगहरुमा केन्द्रले पत्राचार गरी अनुगमन तथा निरीक्षण गर्दै र आवश्यकतानुसार सम्बन्धित निकायहरुलाई सचेत गराउदै आएको छ ।

## प्रधानमन्त्रीज्यूबाट मिति २०६५।१०।१२ मा सम्बोधित केन्द्रसंग सम्बन्धित निर्देशनहरु

| क्र. सं. | सम्पन्न गर्नुपर्ने कार्य | क्रियाकलाप | समय | जिम्मेवार निकाय | सहयोगी निकाय | उपलब्धि अनुगमनका सूचक | समीक्षा र मूल्यांकन व्यवस्था |
|---|---|---|---|---|---|---|---|
| १ | सेवा प्रवाहलाइ प्रभावकारी तुल्याउन सवै सरकारी कार्यालयमा टोकन प्रणाली लागू गर्ने र अनुगमनका लागि छड्के निगरानी तथा उजुरी व्यवस्थापनलाई प्रभावकारी तुल्याउने । यस कार्यको निगरानी तथा अनुगमन राष्ट्रिय सतर्कता केन्द्र र जिल्ला प्रशासन कार्यालयहरुले गर्ने गरी व्यवस्था गर्ने | • टोकन प्रणाली लागू गर्न निर्देशन जारी गर्ने ।<br>• अनुगमन र छड्के निगरानीलाई कडा तुल्याउने । | २०६५ माघ २० गते देखि शुरु गर्ने | राष्ट्रिय सतर्कता केन्द्र, गृह मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय<br><br>अख्तियार दुरुपयोग अनुसन्धान आयोग | • टोकन पद्धति लागू<br>• सेवाग्राहीको सन्तुष्टि वृद्धि<br>• उजुरी दर्ता<br>• गुनासो व्यवस्थापन<br>• नियमित अनुगमन<br>• समस्या समाधान र सुधार | शासकीय सुधार + प्रशासन |

क्रमशः

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | सबै सरकारी कार्यालयको उजुरी पेटिकालाई व्यवस्थित र कार्यमूलक तुल्याउने र सो का आधारमा सन्तोषजनक कार्य नगर्ने कर्मचारी माथि कारवाही गर्ने । | • उजुरी पेटिका सम्बन्धी व्यवस्था कडाइका साथ लागू गर्न निर्देशन जारी गर्ने ।<br>• उजुरीसम्बन्धी अनुगमन गर्ने ।<br>• सन्तोषजनक कार्य नगर्ने कर्मचारी पहिचान गरी कारवाहीको प्रक्रियामा लैजाने । | २०६५ माघ महिना भित्र लागू गर्ने | राष्ट्रिय सतर्कता केन्द्र | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,<br><br>सामान्य प्रशासन मन्त्रालय | • उजुरी संख्या<br>• कारवाहीको विवरण | शासकीय सुधार + प्रशासन |
| ३ | सरकारी सेवा प्रदायक कार्यालयमा मध्यस्थ र दलालको प्रवेश निषेध गर्ने । | • प्रवेश निषेध गर्न आदेशजारी गराउने ।<br>• सेवाग्राहीको सेवाका लागि सहयोग कक्षलाई क्रियाशील तुल्याउने ।<br>• सेवा सहजीकरणका लागि सहकार्य गर्ने । | २०६५ माघ महिना भित्र लागू गर्ने | राष्ट्रिय सतर्कता केन्द्र | गृह मन्त्रालय | • सेवाग्राहीको सन्तुष्टि | शासकीय सुधार + प्रशासन |
| ४ | सेवाग्राहीको काम सोही दिन हुन नसके सो को कारण खुलाई जानकारी दिने परिपाटी लागू गर्ने । | • परिपाटी लागू गर्न आदेश जारी गर्ने | २०६५ माघ २० गते देखि शुरु गर्ने | राष्ट्रिय सतर्कता केन्द्र | गृह मन्त्रालय | • सेवाग्राहीको सन्तुष्टि | + शासक ीय सुधार प्रशासन |

## ४. आर्थिक विवरण तथा बेरुजुको स्थिति

**(क) बजेट व्यवस्था**

केन्द्रलाई आ.व.०६५।०६६ मा बजेट उपशीर्षक नं. २७३।११० (चालु), २७४।११० (पूजिगत) तथा अर्थ बजेट अन्तर्गत नेपाल सरकारद्वारा ३,७६,५८,७४०।- बजेट विनियोजन भएकोमा ३,५२,१२,९६४।७९ खर्च भएको छ ।

केन्द्रको उपरोक्त आ.ब.को बार्षिक आर्थिक विवरण अनुसूची "घ" र आ.ब. अनुसारको बजेट निकाशा तथा खर्चको विवरण अनुसूची " ङ " मा समावेश गरिएको छ ।

**(ख) बेरुजूको स्थिति**

केन्द्र स्थापना भएको आ.व.०५९।०६० देखि आ.व. ०६३।०६४ सम्म केन्द्रको नाममा वेरुजू शून्य रहेको छ । आ.ब. ०६४।६५ मा २,०६,५१७।- बेरुजु देखिएकोमा रु. १,८५,३१७ फछ्र्यौट भै संपरीक्षण हुन बाँकी छ ।

वेरुजू फछ्र्यौट सम्बन्धी आर्थिक वर्षगत विवरण अनुसूची "च" मा समावेश गरिएको छ ।

## ५. केन्द्रले सम्पन्न गरेका कार्यहरु

भ्रष्टाचार नियन्त्रणका सन्दर्भमा सरकारी कार्यालय/सार्वजनिक संस्थाहरुको अनुगमन निरीक्षण गर्ने, अनियमितता, ढिलासुस्ती, लापरवाही, अनुशासनहिनता सम्बन्धमा सूचना संकलन, निगरानी, अन्वेषण गर्ने, सम्पत्ति विवरण सम्बन्धी कार्यको अनुगमन र भौतिक संरचनाहरुको प्राविधिक परीक्षण गर्ने सिलसिलामा केन्द्रले देहाय बमोजिमका कार्य गर्दै आएको छ ।

### (क) उजुरी तथा गुनासो व्यवस्थापन

भ्रष्टाचारजन्य कार्यलाई प्रभावकारी रुपमा नियन्त्रण गर्न सूचना संकलन, अन्वेषण एवं प्राप्त जानकारी सम्बन्धित निकायमा लेखी पठाउने र भ्रष्टाचारजन्य क्रियाकलापहरु हुने नेपाल सरकारका विभिन्न निकाय र सार्वजनिक संस्थाहरुको नियमित रुपमा केन्द्रले निगरानी तथा अनुगमन गरिरहेको छ । अनियमितता र भ्रष्टाचारजन्य क्रियाकलापहरुका सूचनाहरु संकलन गर्न केन्द्रमा **हटलाइन टेलिफोन (४२२४९०१) को** व्यवस्था गरिएको छ । त्यस्तै, फ्याक्स, उजूरीपेटिका तथा हुलाक मार्फत पनि उजुरीहरु प्राप्त हुने गरेको छ । केन्द्रले अनुगमनबाट संकलित तथ्य एवं पत्रपत्रिकामा प्रकाशित समाचारहरुलाई पनि उजुरीको सूचनाको रुपमा लिने गरेको छ ।

सरकारी तथा सार्वजनिक संस्थाहरुबाट प्रदान हुने सेवा, सुविधाहरुको बारेमा कहीँ कतै केही गुनासो, सुझाव पठाउन सार्वजनिक सूचना प्रकाशित गरे पश्चात् उजुरीहरुको संख्यामा बृद्धि भएको छ ।

केन्द्रमा भ्रष्टाचार, अनियमितता, ढिलासुस्ती र लापरवाहीसँग सम्वन्धित उजुरीहरु पर्ने गरेका छन् । केन्द्रको कार्यक्षेत्र उपचारात्मक नभई निरोधात्मक रहेको हुँदा प्रारम्भिक छानवीनबाट भ्रष्टाचार भएको देखिए अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा लेखी पठाउने र अन्यको हकमा सम्वन्धित निकायलाई निर्देशन, सुझाव वा ध्यानाकर्षण गर्ने गरिएको छ ।

केन्द्रमा कुनै पनि माध्यमबाट प्राप्त उजुरी उपर देहाय वमोजिम कारवाही अगाडि बढाउने गरिएको छ ।

(क) सम्बन्धित निकायमा पत्राचार गरी बुझ्ने वा स्थलगत रुपमा टोली पठाई प्रारम्भिक छानवीन (Enquiry) गर्ने ।

(ख) छानवीनबाट प्राप्त प्रतिवेदन अनुसार अनियमितता भएको पाइएमा आवश्यकतानुसार सरोकारवालालाई सतर्क वा ध्यानाकर्षण गराउने ।

(ग) छानवीनबाट प्राप्त प्रतिवेदन अनुसार अनियमितता तथा भ्रष्टाचारजन्य क्रियाकलाप भएको पाइएमा सम्बन्धित निकायलाई निर्देशन/सुझाव दिने ।

(घ) कुनै सूचना वा उजुरीको हकमा भने आवश्यक कारवाहीको लागि सम्बन्धित निकायमा नै लेखी पठाउने गरिएको छ ।

उजुरी सम्वन्धी विवरण अनुसूची **"छ"** मा समावेश गरिएको छ ।

## (ख) सूचना संकलन

देश भरीका सरकारी कार्यालय तथा सार्वजनिक संस्थाहरुमा नियमित रुपमा कार्यसम्पादन भए नभएको सम्बन्धमा सूचना संकलन गर्ने कार्य यस केन्द्रलाइ सुम्पिए अनुरुप यस केन्द्रबाट समय समयमा टोली खटाई अनुगमन हुने गरेको छ । अनुगमनको क्रममा संवन्धित कार्यालयको भौतिक सुविधा तथा वातावरण, गुनासो व्यवस्थापन, कर्मचारीको उपस्थिति, जिम्मेवारी बाँडफाँड, आन्तरिक संचार प्रणाली र निर्णय प्रक्रिया, अभिलेख व्यवस्थापन तथा सम्पत्ति संरक्षण, बार्षिक कार्यक्रम र बजेट, बेरुजु सम्परीक्षण, सम्पत्ति विवरण अभिलेख तथा मातहत कार्यालय निरीक्षण अनुगमन, नागरिक बडापत्र, उजूरी पेटीका एवं सेवाग्राहीका अवरुद्ध कुनै काम कारवाही भए सो समेत हेर्ने गरिएको छ । अनुगमनबाट देखिएका कमी कमजोरीहरु हटाई सुधार गर्न सम्बन्धित तालुक कार्यालयहरुमा लेखी पठाउने गरिएको छ ।

विभिन्न पत्रपत्रिकाहरुमा भ्रष्टाचार सम्बन्धी प्रकाशित समाचार लेख रचनाहरु संकलन गरी सम्बन्धीत निकायहरु संग बुझी अनियमितता न्युनिकरण गर्नको लागि ती लेख तथा सुचनाहरुको क्लिपिङ्ग लिने व्यवस्था गरिएको छ । साथै केन्द्रमा क्लिपिङ्ग तथा हट लाइन इकाई खडा गरी सुचनालाई व्यवस्थित र चुस्त तवरमा संकलन गरी आवश्यक कारवाहीका लागि सम्बन्धित शाखाहरुमा पठाउने व्यवस्था गरिएको छ ।

यसै गरी सिंहदरवारका पूर्व र दक्षिण ढोकाहरुमा केन्द्रको उजुरी पेटीका राखि सर्वसाधारण नागरिकहरुबाट सिंहदरवार परिसर  भित्रका केन्दीय निकायहरु विरुद्धका उजुरीहरु संकलन गर्ने गरिएको छ ।

मूलतः जनतासँग प्रत्यक्ष सरोकार राख्ने सरकारी एवं सार्वजनिक संस्थाहरु जस्तै जिल्ला प्रशासन, मालपोत, विद्यूत, यातायात व्यवस्था, नगरपालिका, बैदेशिक रोजगार जस्ता कार्यालयहरुको अनुगमन निरीक्षण तथा निगरानी गर्ने गरिएको छ । केन्द्रले खटाएको टोलीले अनुगमन निरीक्षण गरी प्रतिवेदन पेश गर्ने र उपयुक्त सुझावहरु सम्वन्धित निकायमा लेखी पठाउने कार्य समेत भएको छ ।

## (ग) अनुगमन तथा छड्के निरीक्षण

राष्ट्रिय सतर्कता केन्द्रबाट काठमाडौं उपत्यका र विभिन्न जिल्लामा अनुगमन टोली खटाई समयपालन र नियमितताको अनुगमन गरिएको र त्यसबाट जम्मा ६९७ भन्दा बढी कर्मचारीहरु

छड्केमा परेका थिए । त्यसरी छड्केमा पर्ने कर्मचारीहरुलाई नियमानुसार कारवाही गरी सो को जानकारी केन्द्रलाई दिन निर्देशन दिइएको छ । केन्द्रले काठमाडौं उपत्यकाका विभिन्न सरकारी कार्यालय तथा सार्वजनिक संस्था बाहेक मकवानपुर, नवलपरासी, बर्दिया, कैलाली, बाँके, सुनसरी, झापा, काभ्रेपलान्चोक, पाँचथर, इलाम, मोरङ्ग, तेह्रथुम, धनकुटा, उदयपुर, दोलखा, दाङ, प्युठान, सल्यान, डोटी, कन्चनपुर जिल्ला स्थित सरकारी कार्यालय तथा सार्वजनिक संस्थाहरुमा निरीक्षण अनुगमन कार्य गरेको थियो । अनुगमनको क्रममा देखिएका निम्न कमी कमजोरीहरु सुधार गर्न सम्बन्धित निकायहरुलाई निर्देशन दिइएको थियो ।

<u>निरीक्षण अनुगमनबाट देखिएका मुख्य कमी कमजोरी र दिइएका सुझावहरु</u>

क) जिल्लास्तरीय विभिन्न कार्यालयहरुबाट सम्पादन हुने विकास कार्यक्रम बारे जनतालाई जानकारी दिने गरेको नपाइएकाले त्यस्ता कार्यक्रमबाट लाभान्वित वर्गलाई समेत समावेश गरी कार्यक्रम संचालन गरिनु पर्ने ।

ख) कतिपय राष्ट्रसेवक कर्मचारीहरुबाट वार्षिक रुपमा सम्पति विवरण बुझाउनु पर्ने दायित्वको परिपालना नभएको देखिएकाले कानून बमोजिम सम्पति विवरण बुझाउनको लागि ध्यानाकर्षण गरिएको ।

ग) सेवाग्राहीहरुको संख्या र कार्यबोझ बृद्धि हुदै गैरहेकोले जनसम्पर्क हुने जिल्लास्तरीय कार्यालयहरुमा कर्मचारी अपुग देखिएकाले मौजुदा कर्मचारी दरवन्दीको पुनरावलोकन गरी वृद्धि गरिनु पर्ने ।

घ) नागरिक बडापत्र र उजुरी पेटिका कार्यालयको शोभा वढाउने मात्र विषयवस्तु नभएर सो बमोजिम सेवा प्रदान गरिने प्रत्याभुति हुनुपर्ने ।

ङ) कार्यालयको अभिलेख तथा सूचनाहरु कम्प्युटरकृत गरी जनतालाई छिटो छरितो सेवा प्रदान गर्न प्रयासरत रहनु पर्ने ।

च) कार्यालयबाट भएको मासिक खर्च नियमानुसार सर्वसाधारण जनताले देख्ने र बुझ्ने गरी सार्वजनिक गरी पारदर्शीता अपनाउन ध्यान दिनु पर्ने ।

छ) जिल्लास्थित कार्यालयहरुमा कार्यरत विशेषत: राजपत्र अनंकित कर्मचारीहरुलाई कार्यालयको कामको प्रकृति अनुसार ज्ञान र सीप दिलाउने गरी प्रशिक्षण कार्यक्रमहरु संचालन गर्नु पर्ने ।

ज) कर्मचारीहरुलाई समयपालन र नियमितता सम्बन्धी आचरण पालन गर्न लगाउनु पर्ने ।

## (घ) सम्पत्ति विवरण तथा आयको अनुगमन

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० र राष्ट्रिय सतर्कता केन्द्र (कार्य संचालन) नियमावली, २०६५ बमोजिम सार्वजनिक पदाधिकारीहरुले पेश गर्नु पर्ने सम्पत्ति विवरण सम्बन्धमा केन्द्रले निम्नानुसार कार्यहरु संचालन गरेको छ ।

क) भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ५० बमोजिम सार्वजनिक पदमा वहाल रहेका व्यक्तिले आफ्नो र आफ्नो परिवारको नाममा भएको सम्पत्तिको विवरण बुझाउनेबारे सार्वजनिक सूचना जारी गरी प्रचारप्रसार गरिएको छ । सम्पत्ति विवरण बुझाउन तोकिएका निकायहरुको विवरण अनुसूचि (**"ज"**) मा उल्लेख छ । यसबाट आ.ब. ०६६।०६७ मा सम्पत्ति विवरण बुझाउने राष्ट्र सेवकको संख्यामा बढोत्तरी हुने विश्वास लिईएको छ ।

ख) सार्वजनिक पदधारण गरी सम्पत्ति विवरण नबुझाउने ब्यक्तिहरुको विवरण सम्बन्धित निकायहरुबाट माग गरिएको ।

ग) सम्पति विवरण नबुझाएको भनी बिभिन्न निकायहरुबाट प्राप्त त्यस्ता पदाधिकारीहरुको नामावली आवश्यक कारबाहीका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई उपलब्ध गराउँदै आएको छ ।

भ्रष्टाचार निवारण ऐनको दफा ५० र राष्ट्रिय सतर्कता केन्द्र (कार्य संचालन) नियमावली, २०६५ बमोजिम यस केन्द्रले सार्वजनिक पदधारण गरेको व्यक्तिहरुले तोकिएका निकायहरुमा सम्पत्ति विवरण बुझाए नबुझाएको सम्बन्धमा गरेको अनुगमनबाट देखिएका कमी कमजोरीहरु निम्न रहेका छन् :-

- सम्पति विवरण राख्नु पर्ने दायित्व भएका निकायहरुमा प्राप्त हुने सम्पति विवरण व्यवस्थापन गर्नको लागि छुट्टै (थप) जनशक्ति उपलब्ध नहुँदा सिमित जनशक्तिबाटै सम्पत्ति विवरण सम्बन्धी थप कार्य सम्पन्न गर्न कठिनाई भएको ।
- सार्वजनिक पदाधिकारीहरुबाट बार्षिक रुपमा पेश हुन आउने सम्पति विवरण सुरक्षित र व्यवस्थित तवरले राख्नका लागि आवश्यक पर्ने दराज, फाइल क्याविनेट, कोठाहरु पर्याप्त नहुँदा व्यवस्थित गर्न नसकिएको र सो कार्यलाई उच्च प्राथमिकता पनि नदिइएको ।
- सम्पत्ति विवरण अद्यावधिक राख्नु पर्ने दायित्व भएका निकायहरु र सार्वजनिक पदाधिकारीबाट प्राप्त सम्पति विवरण संकलन गरी पठाउने निकायहरु वीचमा समन्वय हुन नसक्दा सो सम्बन्धि अभिलेख अद्यावधिक र व्यवस्थित हुन नसकेको ।
- सम्पति विवरण बुझाउनु पर्ने दायित्व भएका सार्वजनिक पदाधिकारी तथा कर्मचारीहरु सम्पति विवरण कहाँ र कहिले बुझाउने भन्ने सम्बन्धमा अन्यौलमा रहेका ।
- सम्पत्ति विवरण संकलन गरी सम्बन्धित निकायमा पठाउने कार्यलाई सम्बन्धित निकायहरुले उच्च प्राथमिकता दिने नगरेको ।
- आफु मातहत सम्पत्ति विवरण बुझाउनु पर्ने दायित्व भएका पदाधिकारीहरुको विवरण सम्बन्धित निकायहरुलाई जानकारी नभएको ।
- राष्ट्र सेवकहरुलाई सम्पत्ति विवरण बुझाउनु पर्ने कानूनी व्यवस्था रहेको जानकारी नभएको र सम्बन्धित निकायहरुले सो को प्रभावकारी कार्यान्वियन समेत नगरेको ।

केन्द्रले सम्पति विवरण व्यवस्थापनका चुनौती र समाधानका उपायहरु विषयक गोष्ठी मिति **२०६६ जेष्ठ २१** गते होटल आर्किड त्रिपुरेश्वरमा आयोजना गरेको थियो । उक्त गोष्ठीमा सहभागी प्रतिनिधिहरुबाट प्राप्त सुझावहरु निम्नानुसार रहेका छन् ।

- देश भरी छरीएर रहेका विशिष्ट श्रेणी देखि निम्नस्तर सम्मका लाखौं सार्वजनिक पद धारण गरेका पदाधिकारीहरु सवैले सम्पति विवरण पेश गर्नु पर्ने व्यवस्था व्यावहारिक छ वा छैन सो को अध्ययन हुनु पर्ने ।

- शिक्षक, प्राध्यापकहरुले समेत सम्पति विवरण बुझाउनु पर्छ भन्ने ज्ञान नभएकोले प्रचार प्रसार गर्नु पर्ने, राजनैतिक नियुक्ति पाउनेहरुका लागि नियुक्ति पत्र दिंदाकै अवस्थामा सम्पत्ति विवरण बुझाउने व्यवस्था गर्न उचित हुने ।

- तलव भत्ता खुवाउदा नै अनिवार्य रुपमा सम्पति विवरण बुझाउन पर्ने व्यवस्था गर्दा व्यवस्थित हुन सक्ने ।

- सम्पति विवरण व्यवस्थापनगर्ने निकायहरुले यस कार्यलाई सामुहिक जिम्मेवारीको भावनाबाट सम्पादन गरिनु पर्ने ।

- सम्पति विवरण बुझाए/नबुझाएको विषयमा कर्मचारीको रमाना पत्रको ढाँचामा नै उल्लेख गर्ने परिपाटी वसाल्न राम्रो हुने ।

- सम्पति विवरणको व्यवस्थापनका लागि प्रत्येक मन्त्रालयमा छुट्टै जनशक्ति सहितको Focal Point को व्यवस्था गर्नु पर्ने ।

- सम्पति विवरण नवुझाएको विषयको कारवाही उच्च राजनैतिक एवं प्रशासनिक तहबाट शुरु गरी क्रमशः अन्य कर्मचारीहरुमा गर्दै जानु पर्ने ।

- देशका हिमाल, पहाड तराईका कुनाकाप्चामा रहने कर्मचारीहरुलाई सम्पति विवरण बुझाउने ६० दिन को म्याद वढाई ३/४ महिना हुनु पर्ने ।

- संस्थान, समिति, वोर्ड, कम्पनीहरुमा कार्यरत पदाधिकारीहरुको सम्पत्ति विवरण सम्बन्धित निकायमै राखिनु पर्ने ।

- निजामती किताबखानामा सम्पति विवरणको थुप्रोको कारण विवरण व्यवस्थापन गर्न कठिनाई हुने भएकोले प्रत्येक आ.ब. मा भर्नु पर्ने विद्यमान कानूनी प्रावधानको सट्टा शुरु नियूक्तिमा भरिसके पश्चात ५/१० वर्षमा मात्र भर्ने हो कि वा सम्पति वढाएको भए मात्र भर्ने व्यवस्था गर्ने हो व्यापक छलफल पश्चात कानूनमा सुधार गरिनु पर्ने ।

- प्रशासनिक अधिकार र पहुँच नभएका तल्लोस्तरका कर्मचारीहरु जस्तैः ड्राईभर, पियन, पाले, हुलाकी, जवान, मुखियाले सम्पति विवरण बुझाउन नपर्ने व्यवस्था गर्नु पर्ने ।

- सार्वजनिक पदाधिकारीले कुनै एक ठाउँमा सम्पत्ति विवरण बुझाई सके पश्चात सोही वर्ष अन्य स्थानमा पुन राजनीतिक नियुक्ती भइ जाँदा पुन बुझाउनु नपर्ने व्यवस्था गर्नु पर्ने ।

## (ङ) जनचेतना अभिवृद्धि सम्बन्धी कार्यक्रम

केन्द्रले नेपाल अधिराज्यका विभिन्न जिल्लाहरुमा भ्रष्टाचार विरुद्ध जनचेतना अभिबृद्धि गर्ने उद्देश्यले संवन्धित जिल्लाका सरकारी कार्यालय एवं सार्वजनिक संस्थाका प्रमुखहरु, गैर सरकारी संस्था तथा नागरिक समाजका प्रतिनिधिहरु, पत्रकारहरु, बुद्धिजिवीहरु सहभागी गराई कार्यपत्रहरु प्रस्तुत गरी जनचेतनामूलक गोष्ठी आयोजना गर्ने गरेको छ । यसै क्रममा झापा, सिन्धुपाल्चोक, कास्की, रुपन्देही, जुम्ला र डडेल्धुरा समेत ६ जिल्लामा जनचेतना सम्बन्धी गोष्ठी संचालन गरियो भने ११ वटा सामुदायिक शिक्षा कार्यक्रम संचालन गरियो । यस किसिमका गोष्ठीहरुबाट प्राप्त हुने

महत्वपूर्ण सुझावहरुलाई केन्द्रले मार्गदर्शनको रुपमा लिई आफ्ना भावी कार्यक्रमहरुमा समावेश गर्ने गरेको छ ।

गोष्ठी संचालनका अलावा भ्रष्टाचार विरुद्ध जनचेतना अभिवृद्धि गर्न यस आ.ब. अघि ६ श्रृंखलाको एउटा टेलिफिल्म र १० वटा छोटा सन्देश तयार गर्ने कार्य सम्पन्न गरेर यस्ता सामाग्रीलाइ नेपाल टेलिभिजनबाट प्रशारण गरिएको थियो । साथै, तिनै छोटा सन्देशको श्रव्य सामाग्रीहरु तयार गरी रेडियो नेपाल र अन्य निजी रेडियोबाट समेत प्रशारण गरिएको थियो । यसबाट सेवाग्राही र सेवाप्रदायक सवैमा सकारात्मक प्रभाव परेको देखिएको छ । केन्द्रबाट यस वर्ष ६ वटा विषयका टेलिफिल्म, ४ वटा गीति सन्देश र २ वटा छोटा सन्देशहरु, निर्माण गरियो । यसरी नै ६ वटा भिडियो फिल्म एक/एक पटक र १० वटा छोटा सन्देश ९० पटक नेपाल टेलिभिजनबाट र छोटा श्रव्य सन्देश १७८८ पटक रेडियोबाट प्रशारण गरिएको थियो ।

## (च) निगरानी सम्बन्धी कार्य

काठमाण्डौ उपत्यकाभित्र सरकारी एवं सार्वजनिक संस्थाहरुबाट सम्पादन हुने कामको निगरानी राख्ने कार्यको लागि देहायका ९ वटा कार्यालयहरुमा टोली खटाई सेवामा सुधार ल्याउन निम्न सुझाव एवं निर्देशनहरु दिइएको थियो :-

### १) मालपोत कार्यालय, डिल्लीवजार र नापी शाखा, डिल्लीवजार

- नागरिक बडापत्र, उजुरी पेटिका सवैले देख्ने गरी राख्नु पर्ने ।
- टोकन प्रणाली अनिवार्य रुपमा लागु गर्ने ।
- अभिलेख, श्रेस्ता चुस्त राख्ने र क्रमवद्ध रुपमा कार्य फछ्र्यौट हुने व्यवस्था मिलाउने ।
- अशक्त अपाङ्ग, बुढाबुढीलाई प्राथमिकता दिई उनीहरु संग सम्बन्धित कार्यहरु फछ्र्यौट गर्ने ।
- सेवाग्राहीहरुको सुविधाको लागि उपयुक्त पार्किङ्ग एवं शौचालयको व्यवस्था गर्ने ।
- दलाल प्रवेशलाई कडाईकासाथ रोक लगाउने ।

### २) वैदेशिक रोजगार विभाग

- विभागले प्रदान गर्ने सवै सेवा झल्किने गरी नागरिक बडापत्रमा समसामयिक सुधार गर्ने ।
- उजुरी फछ्र्यौटको गतिलाई तीव्रता प्रदान गर्ने ।
- सोधपुछ कक्षमा नियमित र अनिवार्य रुपमा कर्मचारीको व्यवस्था गर्ने ।
- विभागका कर्मचारी र म्यानपावर कम्पनीको कर्मचारीहरुले पालना गर्नुपर्ने आचार संहिता तयार गरी लागू गर्ने ।
- म्यानपावर कम्पनीको काम कारवाहीको आधारमा पुरस्कार र दण्डको व्यवस्था गर्ने ।
- अनुगमन र निरीक्षण प्रभावकारी बनाउने ।

### ३) यातायात व्यवस्था विभाग (वागमती यातायात व्यवस्था कार्यालयको सेवा सुधार सम्बन्धमा)

- कार्यालयको अभिलेख प्रणालीलाई व्यवस्थित गरी राख्ने ।
- दलाल प्रवेशलाई पूर्णरुपमा रोक लगाउने ।
- सूचना डेस्कको व्यवस्था गर्ने ।

- सार्वजनिक सवारीको भाडाको सम्बन्धमा अनुगमन गर्ने व्यवस्था मिलाउने ।
- नागरिक बडापत्रलाई अद्यावधिक गरी सवैले देख्न सक्ने ठाउँमा राख्ने व्यवस्था मिलाउने।

४) **कम्पनी रजिष्टारको कार्यालय**

- टोकन प्रणालीबाट सेवाग्राहीको काम छिटो छरितो एवं प्रभावकारी तरिकाबाट गर्ने ।
- कानुन बमोमिज अख्तियार प्राप्त गरेका दलाल र वकिललाई मात्र प्रवेश दिने व्यवस्था गर्ने ।
- कार्यालयमा रहेका रजिष्टर फाइलहरु व्यवस्थित गर्ने ।
- कार्यालयका कर्मचारीहरुले अनिवार्य रुपमा सेवाग्राहीले देख्ने गरी कर्मचारी परिचय पत्र लगाउने व्यवस्था मिलाउने ।
- नागरिक बडापत्रमा उल्लेखित समय भित्र कार्य सम्पन्न गर्ने व्यवस्था मिलाउने ।

६) **विद्युत प्राधिकरण, पश्चिम वितरण केन्द्र, कुलेश्वर**

- नागरिक बडापत्र तथा उजुरी पेटिकालाई व्यवस्थित गरि सेवाग्राहीको पहुँच हुने स्थानमा राखी समय अनुसार अद्यावधिक गर्ने ।
- टोकन प्रणालीलाई व्यवस्थित तथा पूर्ण रुपमा लागू गर्ने ।
- कार्यालयको सरसफाई तथा जिन्सी सामानको यथोचित संभार सम्बन्धमा आवश्यक व्यवस्था गर्ने ।

## (छ) नागरिक बडापत्र कार्यान्वयन अनुगमन

सरकारी कार्यालय एवं सार्वजनिक संस्थाहरुमा नागरिक बडापत्र कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्नका लागि देहायका ३ वटा कार्यालयहरुमा टोली खटाई ती निकायहरुबाट हुने काम कारवाहीलाई चुस्त र प्रभावकारी बनाउन प्रयास गरिएको थियो । उक्त टोलीहरुबाट प्राप्त सुझावका आधारमा सम्बन्धित निकायहरुलाई सेवा सुधारका लागि सुझाव एवं निर्देशन दिइएको थियो ।

| सि.नं. | कार्यालय | निर्देशन |
|---|---|---|
| १ | *वैदेशिक रोजगार विभाग* | • टोकन प्रणालीलाई व्यवस्थित गरी सेवाग्राहीको काम छिटो छरितो एवं व्यवस्थित तरिकाले सम्पन्न गर्ने तर्फ ध्यान दिने ।<br>• अभिलेख प्रणालीलाई व्यवस्थित गर्ने ।<br>• नयाँ साँगठनिक स्वरुप अनुसारको वैदेशिक रोजगार विभागको नागरिक बडापत्र राख्ने ।<br>• उजुरी निर्देशिका तयार गरि कार्य फछ्र्यौट गर्न व्यवस्था गर्ने ।<br>• अभिमुखीकरण तालिमको लागि पर्याप्त समय दिई सूचना गर्ने ।<br>• वैदेशिक रोजगारदाता कम्पनीले पठाएको माग पत्रका आधारमा विभागले दिएको स्वीकृति बमोजिम म्यान पावर कम्पनिले गरेको विज्ञापनको अनुगमन गर्ने ।<br>• सोधपुछ कक्षमा नियमित र अनिवार्य रुपमा कर्मचारीको व्यवस्था गर्ने । |
| २ | *ललितुर उपमहानगर* | • हेल्प डेस्क उपयुक्त स्थानमा राख्ने । |

| | | |
|---|---|---|
| | *पालिका* | • उजुरी पेटिका दैनिक खोली हेरी कारवाही गर्ने । <br>• सेवाग्राहीको सहज पहुँच हुन सक्ने गरि नोडल अधिकृत तोक्ने । <br>• यथासम्भव कर्मचारीहरुको शाखा सरुवा एक वर्षमा एकपटक गर्ने व्यवस्था मिलाउने । <br>• मुद्दाहरु छिटोछरितो फछ्र्यौट गर्ने । |
| ३ | *नापी शाखा भक्तपुर* | • कर्मचारीहरुलाई वस्ने पर्याप्त स्थानको व्यवस्था मिलाउनु पर्ने । <br>• सरकारी सम्पति ट्रेस नक्सा, फिल्डबुक उत्तरको भण्डारण व्यवस्था दलालको पहुँच नपुग्ने गरी सुरक्षित राख्ने । <br>• फिल्डमा गई काम गर्नु गर्दा निवेदनको दर्ता अनुसार प्राथमिकताका आधारमा कर्मचारी खटाउनु पर्ने । <br>• कार्यालय हाताभित्र कडाईका साथ दलाल प्रवेश रोक्न लगाउने । |

### (ज) अध्ययन अनुसन्धान

भ्रष्टाचार न्युनीकरणमा सहयोग पुऱ्याउने गरी यस केन्द्रबाट आ.व. ०६५।६६ मा देहायका विषयहरुमा अध्ययन अनुसन्धान गराइएको थियो :-

| | |
|---|---|
| (क) | कृषि प्रसार सेवाप्रवाहको सूचक |
| (ख) | नगरपालिका क्षेत्रको सेवा प्रवाहको सूचकांकको निर्माण |
| (ग) | भ्रष्टाचार विरुद्धका परिसूचक निर्माण |
| (घ) | सम्पत्ति विवरण व्यवस्थापन र समाधानका उपायहरु |
| (ङ) | निहित स्वार्थको द्वन्दको कार्य योजना निर्माण |

### (झ) अन्य

राष्ट्रिय सतर्कता केन्द्रले आफ्ना गतिविधिहरुलाई सर्वसाधारण नागरिकहरुलाई जानकारी दिने उद्देश्यले पोष्टर, पम्पलेट, स्टीकर, जानकारीमूलक हाते पुस्तिका र ब्रोसरहरु छपाई गरी वितरण गर्दै आएको छ ।

## ६. प्राविधिक परीक्षण : पृष्ठभूमि, परिभाषा र उद्देश्यहरु

### (क) पृष्ठभूमि :

सार्वजनिक निर्माण आयोजनाहरुको गुणस्तर अभिवृद्धी गर्न प्राविधिक परीक्षण (Technical Audit) गर्ने कार्य नेपालको सन्दर्भमा नयाँ भए पनि यसको महत्वबारे सन् १९७० देखि नै सबैको सरोकारको बिषयवस्तु बन्दै आएको पाइन्छ । सार्वजनिक निर्माण कार्यको गुणस्तर तथा खर्च गरिएको रकमको आधारमा प्राप्त सेवाहरुको चर्चा सम्बन्धमा प्रशासनिक सुधार आयोग र एसियाली बिकास बैंकले सन १९९० मा सम्बोधन गरेको पाइन्छ ।

आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ मा भएको पहिलो संसोधनमा नियम ६२ (क) थप गरी राष्ट्रिय योजना आयोगमा प्राविधिक परीक्षण महाशाखा स्थापना भयो । त्यस पछि विश्व

वैंकको सहयोगमा भौतिक योजना तथा निर्माण मन्त्रालयमा संचालित सडक मर्मत तथा विकास आयोजना ( Road maintenance & Development Project ) अन्तर्गत प्राविधिक परीक्षण क्षमता विकास परियोजना (Development of Technical Audit capacity project ) लागु गरियो । यस परियोजनाबाट जुलाई ३१, २००३ मा सडक, खानेपानी तथा सरसफाई र आवास सम्बन्धी प्राविधिक परीक्षण म्यानुअलहरु (Audit manuals) तयार भए ।

यिनै पृष्ठभूमीमा तत्कालीन मन्त्रिपरिषदको मिति २०६०।०४।२८ को निर्णयानुसार यस केन्द्रमा प्राविधिक परीक्षण महाशाखा स्थापना भै प्राविधिक परीक्षणको जिम्मेवारी प्राप्त भयो । नेपाल सरकार तथा नेपाल सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्थाहरुबाट संचालन गरिने कुनै पनि सार्वजनिक निर्माण योजनाहरुको प्राविधिक परीक्षण गर्ने केन्द्रको कार्यक्षेत्र रहेको छ ।

### (ख) प्राविधिक परीक्षणको परिभाषा र उद्देश्य

**परिभाषा**

**अन्तराष्ट्रिय स्तर निर्धारण संस्था (International Standard Organization-ISO) ले** प्राविधिक परीक्षणलाई "सिलसिलाबद्ध, स्वतन्त्र र प्रामाणिक प्रकृया वा काम हो जसमा प्रमाणहरु खोजेर तिनको वस्तुगत रुपमा मूल्यांकन गरी उक्त योजनाबाट आशा गरे अनुरुपको आवश्यकता र अपेक्षा पूरा हुन्छ हुँदैन भनेर निक्र्यौल गर्ने काम" भनी परिभाषीत गरेको छ ।

**उद्देश्य**

विकास निर्माणका आयोजनाहरुको उचित गुणस्तर कायम गर्न, निर्दिष्ट लागत तथा समयमा पारदर्शी ढंगले आयोजना सम्पन्न गरी सर्वसाधारणले अपेक्षित प्रतिफल दिर्घकालसम्म प्राप्त गर्न प्राविधिक परीक्षण महत्वपूर्ण साधन हुन सक्छ । प्राविधिक परीक्षणले योजनाको कार्यसम्पादनमा सुधार ल्याउने, त्रुटि भएमा सो त्रुटि तत्काल सच्याउने र यस किसिमको गल्ती अरु योजनामा हुन नदिने कार्यमा सघाउ पुऱ्याउँछ ।

सार्वजनिक निर्माण कार्यमा कामको गुणस्तर कायम गरी आयोजनाको दिगोपन प्राप्त गर्न तथा आयोजनाको लागतको प्रभावकारीता बढाउन प्राविधिक परीक्षण गरिन्छ साथै आयोजनाको अपेक्षित लक्ष्य तथा कार्यक्रम अनुसार योजनाले वास्तविक आवश्यकता पुरा गर्न सकेको छ, छैन भन्ने सम्बन्धमा पुष्टि गर्न तथा आयोजनाले नेपाल सरकारको ऐन, नियम, सार्वजनिक निर्माण निर्देशिका तथा ठेक्का सम्झौता (Contract Document) अनुसार कार्य गरेको छ, छैन भन्ने मूल्याङ्कन गर्न पनि प्राविधिक परीक्षण गरिन्छ ।

### (ग) प्राविधिक परीक्षणका चरणहरु

कुनै पनि आयोजनामा देहायका सबै वा कुनै एक चरणमा प्राविधिक परीक्षण गर्न सकिन्छ । यो निर्माण कार्यको प्रकृति र परिमाणमा निर्भर गर्दछ ।

(क) **Planning and Design :** यस चरणमा आयोजनाको प्रारुप तयारी, योजना तयारी तथा डिजाइन पर्दछन् भने यसमा मुख्यतया Design Quality तथा adequacy सम्बन्धित हुन्छन् ।

(ख) **Procurement :** यस चरणमा सेवा वा वस्तु तथा निर्माण सामाग्रीको खरिद तथा प्राप्ति पर्दछन् भने मुख्यतया पारदर्शीता, आर्थिक प्रशासन नियमावली तथा दातृ संस्थाको आवश्यकता अनुसारको प्रावधान संग समन्वय भए नभएको पर्दछ ।

(ग) **Implementation:** यस चरणमा कार्यान्वयन वा निर्माण पर्दछ भने मुख्यतया गुणस्तर, कार्यतालिका, लागत, ठेकेदारसंगको कानूनी विवाद सम्बन्धित हुन्छन् ।

(घ) **Post-implementation:** यस चरणमा योजनाको संरचनाको दिगोपन (Sustainability), डिजाइनको उपर्युक्तता (Design appropriateness), लागत प्रभावकारिता (Cost effectiveness) आदी विषयहरुमा अध्ययन केन्द्रीत हुन्छ ।

## (घ) प्राविधिक परीक्षणमा हेरिने विषयहरु

१. आयोजनाको डिजाइन ठीक छ/छैन,

२. आयोजनामा सेवा, वस्तु वा निर्माण सामग्रीको खरिद वा प्राप्ती प्रकृया पारदर्शी छ/छैन,

३. आयोजनाको लक्ष्य निर्धारण गरिएको छ/छैन र निर्धारण गरिएको भए लक्ष्य अनुरुप काम भएको छ/छैन,

४. आयोजनाको प्रारुप तयार गर्दा, संभाव्यता अध्ययन गर्दा, सेवा वस्तु वा निर्माण सामग्रीको खरिद तथा प्रयोग गर्दा, आयोजनाको कार्यान्वयन गर्दा सार्वजनिक निर्माण निर्देशिका वा प्रचलित कानून बमोजिम तोकिएको तरिका र गुणस्तर बमोजिम गरिएको छ/छैन,

५. आयोजनाको लागि गरिएको बजेट ब्यवस्था र निकासा ठीक छ/छैन,

६. आयोजनाको लागि निर्धारण गरिएको समय तालिका ठीक छ/छैन र सो अनुरुप कार्य प्रगति भएको छ/छैन,

७. निर्माण कार्य पूर्वअनुमान गरिएको लागत भित्र सम्पन्न भएको छ/छैन,

८. सम्पन्न भएको आयोजना अपेक्षित गुणस्तरको छ/छैन र त्यसले अपेक्षित सेवा दिन सक्छ/सक्दैन,

९. आयोजनाबाट अपेक्षित उपलब्धि हासिल हुनसक्छ/सक्दैन,

१०. लागतको प्रभावकारिता छ/छैन,

११. आयोजनाको दिगोपन छ/छैन,

१२. संपन्न आयोजनाबाट सिकिएको पाठ

## (ङ) प्राविधिक परीक्षणको फाइदा

- पूर्वाधारको गुणस्तरमा अभिवृद्धि तथा सुधार ।
- सार्वजनिक निर्माण निर्देशिकाको कार्यान्वयनमा सुनिश्चितता ।
- वस्तु तथा सेवाको पारदर्शी मितव्ययी खरीद प्रणाली ।
- लागतको हेरफेरमा कमी र न्युनतम निर्माण सामाग्रीको प्रयोग ।
- वार्षिक मर्मत संभार खर्चमा कमी ।
- परियोजनाको आयू लम्व्याएर परियोजना लागत चक्रमा कमी ल्याउने ।

**(च) हाल सम्मको उपलब्धि :**

- हालसम्म सरकारी र निजी क्षेत्रका स्वदेशी र विदेशी गरी जम्मा **११५** जनालाइ यस केन्द्रले तालीम संचालन गरि प्राविधिक परीक्षकहरु तयार गरेको ।
- हालसम्म **९१** ओटा आयोजनाको प्राविधिक परीक्षण संपन्न भएको ।
- प्राविधिक परीक्षण संवन्धमा परिचित गराउने उद्देश्यले गोष्ठी सेमिनारहरु सम्पन्न गरेको ।
- प्राविधिक परीक्षणवाट देखिएका कमी, कमजोरीहरु सम्वन्धित निकायमा लेखी पठाउने गरेको ।

**(छ) आ.ब. २०६५।६६ मा प्राविधिक परीक्षण सम्पन्न आयोजनाहरु**

राष्ट्रिय सतर्कता केन्द्र (कार्य संचालन) नियमावली, २०६५ बमोजिम सरकारी तथा सार्वजनिक संघ संस्थाबाट निर्माण वा संचालन गरिने आयोजनाको आवश्यकता अनुसार प्राविधिक परीक्षणको दायित्व र जिम्मेवारी यस केन्द्रमा रहेको छ । सोही बमोजिमको जिम्मेवारी पूरा गर्ने सिलसिलामा आ.व. २०६५/६६ मा देहाय बमोजिमका १३ वटा आयोजनाहरुको प्राविधिक परीक्षण गरी परीक्षणको क्रममा देखिएका समस्याहरु उपर सम्बन्धित निकायहरुलाई सुधारका लागि निम्न बमोजिम निर्देशन दिइएको छ ।

**१. बेतिनी खानेपानी तथा सरसफाई योजना, रसुवा**

**निर्माण गर्ने निकाय :** स्थानीय विकास मन्त्रालय, स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग

**कार्यान्वयनका लागि पठाएका सुझावहरु :**

(क) नयाँ योजना निर्माण गर्नु पुर्व योजनास्थलमा भएका चालु अवस्थाका योजनाहरुबारे सुचना संकलन गर्नु आवश्यक देखीएको ।

(ख) योजनाका संरचनाहरु उपयुक्त आकार (size) तथा परिमाणमा (numbers) बनाउनु पर्ने।

(ग) प्राविधिक रुपमा सक्षम नभएका निकायबाट कार्यान्वयन नगरी सक्षम निकायबाट गराउनु उपयुक्त हुने ।

(घ) वितरण गरिएका खानेपानी खानयोग्य तथा गुण स्तरयुक्त हुनु पर्ने ।

(ङ) नेपाल सरकारबाट योजनाहरुको दोहोरोपन हुन नदिन सतर्क हुन पर्ने । (Over Lapping of Projects in the same area or location)

**२. चक्रहवा सिंचाई योजना, पर्सा**

**निर्माण गर्ने निकाय :** जलस्रोत मन्त्रालय, सिंचाई विभाग

**कार्यान्वयनका लागि पठाएका सुझावहरु :**

(क) भूमीगत भु बनौटको अध्ययन गर्नु पर्ने ।

(ख) योजनाका आवश्यक पर्ने सबै कागजात (डिजाइन, ड्रइङ्ग आदि) तयार हुनु पर्ने ।

(ग) विभागबाट उक्त योजना चाडो कार्यान्वयन गर्न पहल गर्नु पर्ने ।

**३. त्रिवेणी झोलुङ्गे पुल, सिन्धुली**

**निर्माण गर्ने निकाय :** स्थानीय विकास मन्त्रालय, स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग

**कार्यान्वयनका लागि पठाएका सुझावहरु :**

(क) पेचकीला (bolt) slip हुन नदिन पर्याप्त लम्बाई हुनु पर्ने ।

(ख) पुलसम्मको बाटो पहिचान तथा डिजाइनमा उल्लेख हुनु पर्ने ।

